# बेपत्ता परिवार राष्ट्रिय सञ्जाल नेपाल
National Network of Families of Disappeared & Missing Nepal

GPO Box No. 8451, Anamnagar-32

Kathmandu, Nepal

Email: nefad.nepal@gmail.com

Website: https://nefadnepal.org/


*२०७४ फागुन २० ललितपुर | 4 March 2018*

# ललितपुर घोषणापत्र
## (Lalitpur Declaration)

वेपत्ता परिवार राष्ट्रिय सञ्जाल शसस्त्र द्वन्द्वको क्रममा (२०५२–२०६३) राज्य र बिद्रोही पक्षद्वारा वेपत्ता पारिएका परिवारजन तथा पारिवारिक संगठनहरुको राष्ट्रिय प्रतिनिधी संस्था हो । यो संस्था राष्ट्रव्यापी संजालको रुपमा परिवारहरुको आवस्यकता दैनिक समस्याको सम्बोधन तथा सत्यको खोजी र न्याय प्राप्तिको अभियानमा परिवारहरुको सामुहिक आवाजलाई मुखरित गर्दै पीडित केन्द्रित संक्रमणकालीन न्यायको अगुवाई गर्दै आएको छ । संजालले वेपत्ता पारिएका ब्यक्तिको छानविन आयोग गठन पश्चात आयोग प्रक्रियामा आलोचनात्मक संलग्नता सहित आयोगलाई परिवारहरुको पक्षमा काम गर्न प्रेरित गर्दै देशभरिका वेपत्ता परिवारका सदस्य र पारिवारिक संगठनहरुलाई ब्यापक परिचालन तथा संगठित अभियान संचालन गर्दै आयोगलाई खवरदारी र सुक्ष्म अनुगमन गर्दै आएको छ ।

द्वन्द्वको क्रममा वेपत्ता पारिएका लगायत गम्भिर मानवअधिकार उलंघनका घटनाको सत्यतथ्य उजागर गर्ने, सामाजिक न्याय प्रदान गर्ने, विस्तृत परिपुरण तथा पुनःनदोहरिने सुनिश्चितता गर्न, वेपत्ता आयोगले खेल्न सक्ने भुमिका प्रति यस संजाल सचेततापूर्वक साझेदारी गर्दै आएको छ । र विगत ३ बर्षको आयोग प्रक्रियालाई गम्भिर समिक्षा गर्दै नेफादले आयोगसँगको सहकार्य, निरन्तर खबरदारी, अनुगमन र परिवारहरुको परिचालनलाई बलियो पार्दै आयोगका बाँकी काम कार्वाहीलाई पूर्णत परिवारहरुको हितमा उपलब्धिमूलक बनाउन विश्वसनियताको आधार मुल्याङ्कन गर्दै नेफादले आगामी कार्ययोजना तथा रणनिति तय गर्ने छ ।

नेफादले निम्न बुंदाहरुमा आयोगको पुनः ध्यानाकर्षण गर्दै यो **ललितपुर घोषणापत्र** जारी गर्दछ ।

१. तत्काल जवरजस्ती वेपत्तालाई अपराधीकरण गरि आवस्यक कानुन निर्माण गर्न सबै पक्षसँग समन्वय गर्दै सञ्जाल र आयोगले सरकारलाई संयुक्त दवाव सृजना गर्ने । साथै संयुक्त राष्ट्रि संघद्धारा गरेको वेपत्ता पार्ने कार्य विरुद्धको अर्न्तराष्ट्रिय महासन्धि २००६ नेपाल सरकारले तत्काल अनुमोदन गर्नु पर्ने ।
२. अर्न्तराष्ट्रिय रुपमा स्थापित संक्रमणकालीन न्यायका सिद्धान्तहरुको सम्मान/पालना गर्न सुनिश्चितता गर्ने ।
३. आयोगबाट पीडित केन्द्रित आचरण तथा स्पष्ट कार्ययोजना र रणनितिको सुनिश्चितता गर्ने ।

४. पीडित र साक्षी संरक्षणको संयन्त्र निर्माण गर्दै आयोगका सार्वजनिक सुनुवाई, प्रमाणहरुको सुरक्षा र प्रभावकारी अनुसन्धान निति/विधी बनाउने ।

५. आयोगले पीडित/साक्षीको बयान तथा एन्टिमोर्टेम तथ्याङ्क संकलन कार्यलाई प्रभावकारी बनाउन परिवारहरुको सहभागिता र परिचालनमा विशेष ध्यान दिदै संवेदनशिल ढंगले गोपनियता कायम गर्ने, आवस्यक प्राविधिक तथा मनोसामाजिक सहयोगको ब्यवस्था गर्ने । स्थानीय कामकाजमा दोभाषे तथा सहयोगीको रुपमा सञ्जाल र आयोग विच समन्वय गर्ने । उजुरी प्रक्रियामा छुटेका घटनाहरुको उजुरी संकलन गर्ने ।

६. आयोगले बनाउने नितिनियम र कार्यविधीमा परिवार तथा संजालको पहुँच (वकालत, पीडित तथा साक्षी संरक्षण, आउटरिच पोलिसी, तथ्याङ्क तथा प्रमाणहरुको सुरक्षा, भण्डारण, उत्खनन विधी) को सुनिश्चितता गर्नुपर्ने ।

७. आयोगले विस्तृत अनुसन्धान तथा परामर्श बिना वेपत्ता परिवारले दर्ता गरेका ४१४ उजुरी सत्य निरुपण तथा मेलमिलाप आयोगमा पठाएकोमा गम्भिर ध्यानाकर्षण गर्दै, उक्त अपरिपक्व/अव्यवहारिक निर्णय फिर्ता लिई उजुरीहरु उपर पुनःछानविन गरी परिवारलाई जानकारी गराउनु पर्ने ।

८. आयोगले काम गर्दागर्दै समेत अन्तरिम राहत लगायत मनोसामाजिक सहयोग, स्मृतिका कार्यहरु, मानसिक स्वास्थ्य सेवा र विस्तृत सहयोग कार्यक्रम (अधिकार सहितको परिचय पत्र, वेपत्ताका श्रीमतिहरुलाई सामाजिक सुरक्षा भत्ता, शिक्षा, स्वास्थ्य रोजगारी, आयआर्जन तथा ऋण सहुलियत, कानुनी तथा प्रशासनिक अडचन फुकुवा र सम्पति हष्तान्तरण) सम्बन्धि नियमावली तथा निर्देशिका जारी गरि परिवारहरुको दैनिक समस्या समाधानको निति अवलम्वन गर्नुपर्ने ।

९. सञ्जालको आलोचनात्मक सहभागिता तथा रचनात्मक सहयोग जारी राख्दै आयोग र सञ्जाल विचको सहकार्यलाई ब्यवस्थित र प्रभावकारी बनाउन साझेदारी निति अवलम्वन गर्ने ।

१०. द्वन्द्वका कारण (संस्थागत उलंघन, गरिबी, बहिष्करण, सिमान्तकृत) र घटनाको सत्यतथ्य उजागर गरी दोषीको पहिचान सहित अभियोजनको सिफारिस गर्ने, परिवारहरुलाई चित्त बुझ्दो जवाफ तथा परिवारहरुको परिस्थिती विश्लेषण गरी विस्तृत परिपुरणको सिफारिस सहित बलियो र स्विकार्य प्रतिवेदन सार्वजनिक गर्ने ।

११. नेपालको शान्ति प्रकृयाको सुरुवातमा द्वन्द्व व्यवस्थापन गर्नको लागी स्थापना गरिएको शान्ति तथा पुर्ननिर्माण मन्त्रालय खारेज भएको छ । शान्ति सम्झौताको मर्म र उदेश्य अनुसार द्वन्द्वपीडितहरुको न्याय र सामाजिकरणको सवाल ज्यूकात्यू छ । यो मुद्धालाई विशेष सम्बोधन गर्न संक्रमणकालीन न्याय तथा पीडितहरुको सहयोग र समन्वयका लागि नेपाल सरकारले प्रधानमन्त्री कार्यालयको मातहतमा रहने गरि *उच्चस्तरिय राष्ट्रिय संयन्त्र* स्थापना गर्नुपर्ने ।

रामकुमार भण्डारी
अध्यक्ष

भागीराम चौधरी
महासचिव